# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०२।२१ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला ललितपुर, गोदावरी नगरपालिकाको मिलेमतोमा खानीजन्य/नदीजन्य साधारण निर्माणमुखी खनिज पदार्थ (ढुङ्गा, गिट्टी, रोडा, बालुवा लगायत) पदार्थमा सरकारी दररेट भन्दा कम मात्र कर जम्मा गरी वार्षिक करोड राजस्व हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा आ.व.२०७५/०७६ का लागि गोदावरी नगरपालिकाले राजस्व निर्धारण गर्दा नेपालको संविधान, संघीय ऐन, बागमती प्रदेश (तत्कालीन प्रदेश नं.३) ऐन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ समेतको प्रचलित कानूनलाई बेवास्ता गरी/गराई आवश्यक प्रमाण सङ्कलन नगरी/नगराई बागमती प्रदेश (तत्कालीन प्रदेश नं.३) को आर्थिक ऐन, २०७५ को दफा ९ ले निर्धारण गरेको राजस्व दर प्रति घनफिट रु.९।- भन्दा घटी प्रति घनफिट रु.२.२५।- मात्र राजस्व दर निर्धारण गरी/गराई ढुङ्गा, गिट्टी, रोडा, बालुवा, ग्राभेल र माटोको बिक्री निकासी शुल्क रु.९ प्रति घनफिटको सट्टा रु.२.२५ प्रति घनफिट असुल गर्दा रु.६.७५ प्रति घनफिट रकमको प्रत्यक्ष लाभ खानी उद्योग तथा क्रसर व्यवसायीहरुलाई दिए दिन लगाएको देखिंदा नेपाल सरकारले प्राप्त गर्ने मूल्य अभिवृद्धि कर(VAT), बागमती प्रदेश (तत्कालीन प्रदेश नं.३) सरकारको राजस्व हिस्सा ४० प्रतिशत र गोदावरी नगरपालिकाले प्राप्त गर्ने ६० प्रतिशत हिस्सा र ठेक्का लगाएको रकममा समेत १०%(दश प्रतिशत) राजश्व छुट दिए दिन लगाएको कार्य कसुरजन्य कार्य भएकोले आर्थिक वर्ष २०७५/०७६ मा ढुङ्गा, गिट्टी, ग्राभेल, रोडा, बालुवा, माटो, खरिढुङ्गाको निकासी करको ठेक्का नं.०४/०७४/०७५ ठेक्का सम्झौता गर्दा दिएको छुट रकमबाट गरे/गराएको राजस्व चुहावट रकम रु.६०,४५,५००।- र संघीय सरकार, बागमति प्रदेश सरकार र गोदावरी नगरपालिकाको रु.१७,२८,९०,०००।- समेतगरी जम्मा रु.१७,८९,३५,५००।- (सत्र करोड उनान्नब्बे लाख पैतीस हजार पाँच सय रुपैयाँ) राजस्व चुहावट गरी भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसुरजन्य कार्य गरे गराएको पुष्टि भएको हुँदा उल्लिखित कसुरमा संलग्न देहायका प्रतिवादी उपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः (आ.ब.२०७५।०७६)**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | गोदावरी नगरपालिकाका तत्कालीन नगरप्रमुख गजेन्द्र महर्जन | रु.१७,८९,३५,५००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ख) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्व रकमको दोब्बर जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| २. | गोदावरी नगरपालिकाका तत्कालीन नगर उपप्रमुख मुना अधिकारी | रु.१७,८९,३५,५००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ख) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार |

| | | | |
|---|---|---|---|
| | | | निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्व रकमको दोब्बर जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | गोदावरी नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विश्वराज मरासेनी | रु.१७,८९,३५,५००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ख) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्व रकमको दोब्बर जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ४. | गोदावरी नगरपालिकाका तत्कालीन लेखा शाखा प्रमुख तथा राजस्व परामर्श समिति सदस्य सचिव यमलाल बेल्वासे | रु.१७,८९,३५,५००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ख) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्व रकमको दोब्बर जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ५. | सत्पथ निर्माण कम्पनी प्रा.ली. र सो को सञ्चालक मदन के.सी. | रु.१७,८९,३५,५००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ख) बमोजिमको लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम हुने सजाय र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्व रकमको दोब्बर जरिवाना हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांस बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ६. | निराकार ढुङ्गा रोडा उद्योग प्रा.लि. र सो को सञ्चालक मधुसुदन डोटेल, मछिन्द्रनाथ मल्टीप्रपोज प्रा.लि. र सो को सञ्चालक केदार नाथ तिमल्सेना, सजिलो रोडा ढुङ्गा उद्योग | रु.१७,८९,३५,५००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ख) बमोजिमको लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम हुने सजाय |

| | | | |
|---|---|---|---|
| | प्रा.लि. र सोको सञ्चालक शशिराज शाही, वीरेन्द्र महर्जन ढुङ्गा उद्योग प्रा.लि. र सो को सञ्चालक वीरेन्द्र महर्जन | | र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्व रकमको दोब्बर जरिवाना हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांस बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया